नेपाल सरकार
# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

प. स.: ०८२/८३
च.नं :

मिति : २०८२।११।०६

## २१५३ औं मे-फो-ता ग्याल्पो ल्होसारको मंगलमय शुभकामना

बौद्ध धर्मावलम्बी तथा हिमाली मूलका शेर्पा, वालुङ, ल्होमी, भोटे लगायतका समुदायले श्रद्धा, आस्था र उत्साहका साथ मनाउने २१५३ औं मे-फो-ता ग्याल्पो ल्होसारको पावन अवसरमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान परिवारका तर्फबाट स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ग्याल्पो ल्होसार बौद्ध परम्परामा आधारित नववर्ष उत्सव हो । जसले चन्द्र-सौर पात्रोअनुसार नयाँ वर्षको आगमनलाई संकेत गर्दछ । मे-फो-ता वर्षले साहस, ऊर्जा, प्रगति र सकारात्मक परिवर्तनको प्रतीकका रूपमा सांस्कृतिक अर्थ बोकेको छ । यस पर्वमा घर-आँगन सरसफाइ गर्ने, गुम्बामा पूजाआराधना गर्ने, धार्मिक ध्वजापताका फहराउने, पारम्परिक भोजन परिकार तयार गर्ने तथा आपसी सद्भाव र मेलमिलाप सुदृढ गर्ने चलन रहेको छ । यसरी ग्याल्पो ल्होसारले सांस्कृतिक निरन्तरता, सामुदायिक एकता र आध्यात्मिक शुद्धीकरणको सन्देश प्रवाह गर्दै आएको छ ।

नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक पहिचानलाई सुदृढ बनाउन यस्ता मौलिक चाडपर्वहरूको संरक्षण, संवर्द्धन र पुस्तान्तरण अत्यन्त आवश्यक छ । नेपालको संविधानले आदिवासी जनजातिहरूको भाषा, संस्कृति, परम्परा र पहिचानको संरक्षण तथा प्रवर्द्धनलाई सुनिश्चित गरेको सन्दर्भमा ग्याल्पो ल्होसार जस्ता सांस्कृतिक पर्वहरूले राष्ट्रिय एकता र सामाजिक सद्भाव अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

यस अवसरले सम्पूर्ण समुदायबीच पारस्परिक सम्मान, सहअस्तित्व र सामाजिक सद्भावको भावना अझ प्रगाढ बनाओस्। मे-फो-ता वर्षले शान्ति, समृद्धि, सुस्वास्थ्य र दिगो विकासको मार्ग प्रशस्त गरोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु । पुन: एकपटक २१५३ औं ग्याल्पो ल्होसारको हार्दिक मंगलमय शुभकामना । धन्यवाद ।

(रेसम गुरुङ)
उपाध्यक्ष